# त्रिभुवन विश्वविद्यालय

# अतिरिक्त कक्षा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७

**पारित मिति** : २०७७/४/३२
(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. ३९८)

त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय
२०८०

# त्रिभुवन विश्वविद्यालय

# अतिरिक्त कक्षा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७

## विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को नियम १३३ (२) को अधिकार प्रयोग गरी कार्यकारी परिषद्ले देहायको निर्देशिका बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यो निर्देशिकाको नाम "त्रिभुवन विश्वविद्यालय अतिरिक्त कक्षा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७७" रहेको छ ।

(ख) यो निर्देशिका २०७७ भाद्र १ गतेदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "निकाय प्रमुख" भन्नाले त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको क्याम्पस प्रमुख, केन्द्रीय विभागको विभागीय प्रमुख, स्कुलको प्रमुख, विषयको विभागको प्रमुख र डीन कार्यालयको मातहतमा रही संचालन भएका कार्यक्रमहरुको प्रमुखलाई सम्झनुपर्छ ।

(ख) "अतिरिक्त कक्षाका लागि शिक्षक" भन्नाले त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयको स्वीकृति लिई तोकिएको प्रक्रिया पूरा गरी छनौट भएर तोकिएको पाठ्यक्रम वा विषय अध्यापन गर्न निकाय प्रमुखसँग कोर्ष सम्झौता गरी अध्यापन कार्यमा संलग्न आंशिक शिक्षकलाई सम्झनुपर्छ ।

(ग) "न्यूनतम योग्यता" भन्नाले त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद्ले तोकेको न्यूनतम योग्यता सम्झनु पर्छ ।

(घ) "प्रतियोगिता" भन्नाले अतिरिक्त कक्षाभार लिन निकाय प्रमुखले गठन गरेको छनौट समितिद्वारा लिइने लिखित वा प्रयोगात्मक र मौखिक परीक्षालाई सम्झनु पर्दछ ।

(ङ) "अतिरिक्त कक्षाभार" भन्नाले क्याम्पस वा विभाग वा स्कुलमा प्राध्यापन गर्ने नियमित शिक्षक लामो समयको विदा वा काजमा अन्यत्र गएको अवस्थामा वा कुनै नयाँ कार्यक्रम थप भई शिक्षकको आवश्यकता परेमा वा पूर्णकालीन शिक्षकलाई तोकिएको कक्षाभार भन्दा बढी कक्षाभार भई पूर्णकालीन शिक्षकले सो बढी भएको कक्षाभार लिन नसक्ने भएमा सो कक्षालाई अतिरिक्त कक्षाभार सम्झनु पर्छ ।

(च) "अतिरिक्त कक्षाभार कोर्ष सम्झौता" भन्नाले एक शैक्षिक सत्रमा कुनै एक विषय पढाउने सम्बन्धमा कोर्ष पूरा गर्ने समय, पारिश्रमिक भुक्तानी गर्ने विधि आदि उल्लेख गरी निकाय प्रमुखसँग गरिएको कोर्ष सम्झौता सम्झनु पर्छ ।

## परिच्छेद २

### अतिरिक्त कक्षाका लागि शिक्षक व्यवस्थापन सम्बन्धी आधारहरू

**३. अतिरिक्त कक्षाका लागि आंशिक शिक्षक व्यवस्थापन देहाय बमेजिम गर्नु पर्नेछ :-**

(क) त्रिभुवन विश्वविद्यालयको नियमित वा पूर्णकालीन शिक्षकले अनिवार्य लिनु पर्ने गरी तोकिएको न्यूनतम कक्षाभार पछि अतिरिक्त कक्षाभार भएमा पूर्णकालीन शिक्षकबाटै कम्तिमा एउटा विषय वा कोर्षको थप पठनपाठन गराउने व्यवस्था गर्नु पर्नेछ । यसरी लिइएको अतिरिक्त कक्षाको नियमानुसारको अतिरिक्त पारिश्रमिक उपलब्ध गराउनु पर्ने छ ।

(ख) अवकाश प्राप्त शिक्षकले अवकाश पछि अतिरिक्त कक्षा लिन चाहेमा त्यस्ता शिक्षकहरुबाट पनि अध्यापन गराउने व्यवस्था गर्नु पर्नेछ ।

(ग) थेसिस र शिक्षण अभ्यासलाई कक्षाभार अन्तर्गत गणना गरिने छैन ।

(घ) माथि उल्लेखित अवस्था पछि पनि अतिरिक्त कक्षाभार भएको खण्डमा अतिरिक्त कक्षाको व्यवस्थापनका लागि आवश्यकता अनुसार आंशिक शिक्षकको व्यवस्था गर्न सकिने छ ।

## परिच्छेद ३

### अतिरिक्त कक्षा सञ्चालनका लागि आंशिक शिक्षक व्यवस्थापन सम्बन्धी व्यवस्था

**४. शिक्षक माग गर्ने व्यवस्था :-**

(क) त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस/केन्द्रीय विभाग/स्कुल/विभाग/कार्यक्रममा प्राध्यापन गर्ने नियमित शिक्षक लामो समयको विदा वा काजमा अन्यत्र गएको अवस्थामा वा कुनै नयाँ कार्यक्रम थप भई शिक्षकको आवश्यकता परेमा वा पूर्णकालीन शिक्षकलाई तोकिएको कक्षाभार भन्दा बढी कक्षाभार भई सो शिक्षकले सो बढी भएको कक्षाभार लिन नसक्ने भई आंशिक शिक्षक राख्नु पर्ने भएमा निकाय प्रमुखले कक्षाभार र कक्षा तालिका विवरण उल्लेख गरी विभागीय प्रमुख वा कार्यक्रम संयोजकको सिफारिस सहित स्वीकृतिका निमित्त केन्द्रीय कार्यालयमा पठाउनु पर्ने छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयबाट स्वीकृति प्राप्त भएपछि निकाय प्रमुखले गठन गरेको छनौट समितिमार्फत छनौट प्रक्रिया सुरु गर्नु पर्नेछ । तर एक शैक्षिक सत्र कुशलतापूर्वक शिक्षण कार्य गरिसकेका आंशिक शिक्षकलाई पुनः आंशिक शिक्षकको रूपमा संलग्न गराउनु पर्ने भएमा निजको लागि पुनः प्रक्रिया अवलम्बन गर्न आवश्यक पर्ने छैन ।

(ख) शिक्षकको न्यूनतम योग्यताका सन्दर्भमा त्रि.वि सेवा प्रवेशको लागि प्राज्ञिक परिषद्बाट तोकिएको न्यूनतम योग्यता हुनुपर्ने छ ।

**५. अतिरिक्त कक्षा व्यवस्थापनका लागि आंशिक शिक्षक छनौट गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नु पर्ने छ :-**

(क) त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयको स्वीकृति पछि सेवा आयोगको प्रक्रिया पूरा गरी अतिरिक्त कक्षा व्यवस्थापनका लागि शिक्षक छनौट गरेको हुनुपर्ने छ । सेवा आयोगको प्रक्रिया भन्नाले छनौट समिति गठन, स्थानीय वा राष्ट्रिय दैनिक समाचार पत्रमा कम्तिमा ७ दिनको समय

दिई सूचना प्रकाशन, उम्मेदवारको कक्षा प्रस्तुति र अन्तर्वार्ता बुझ्नु पर्छ । छनौट समितिले आवश्यक सम्झेमा लिखित परिक्षा पनि लिने सक्नेछ ।

(ख) शिक्षक छनौट गर्दा अन्यकुनै क्याम्पस वा कलेज वा शैक्षिक संस्था वा सरकारी वा गैरसरकारी वा निजी निकायमा पूर्णकालीन शिक्षक वा अन्य पदमा कार्यरत भएमा विषय विज्ञको रुपमा अध्यापन गराउन सकिनेछ ।

(ग) सम्भव भएसम्म त्रिभुवन विश्वविद्यालयको सेवाबाट निवृत्त भएका शिक्षक वा त्रि.वि.सेवा आयोगले प्रकाशित गरेको नतिजामा वैकल्पिक सूचि (सबैभन्दा पछिल्लो सूचि) मा रहेका व्यक्तिलाई अतिरिक्त कक्षा अध्यापनमा संलग्न गराउनु पर्नेछ । यसरी वैकल्पिक सूचीमा परेका व्यक्तिहरुलाई अध्यापन कार्यमा संलग्न गराउँदा माथि (क) मा भएको व्यवस्था अनुरुप केन्द्रीय कार्यालयबाट स्वीकृति प्राप्त गरेपछि अन्य कुनै प्रक्रिया अवलम्बन गर्नु पर्ने छैन । सिधै त्यस्ता व्यक्तिलाई सम्झौता गरी अध्यापन कार्यमा संलग्न गराउन सकिनेछ ।

(घ) त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सम्बन्धित विषयको लिखित परीक्षाको नतिजा प्रकाशनमा उत्तीर्णको सूचि (सबैभन्दा पछिल्लो सूचि) मा रहेका व्यक्तिलाई अतिरिक्त कक्षा अध्यापनमा संलग्न गराउन प्राथमिकता दिनु पर्नेछ ।

(ङ) सम्बन्धित विषयमा उत्कृष्ट अंक प्राप्त गरी स्वर्ण पदक प्राप्त व्यक्तिलाई आंशिक शिक्षक नियुक्तिमा प्राथमिकता दिनु पर्नेछ ।

(च) त्रिभुवन विश्वविद्यालय आंगिक क्याम्पस/केन्द्रीय विभाग/स्कुल/विभाग/कार्यक्रमको लागि छनौट समितिबाट सिफारिस भई आएको उम्मेदवारलाई अनुमोदनका लागि त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ । केन्द्रीय कार्यालयबाट स्वीकृति प्राप्त भएपछि निकाय प्रमुखले सम्झौता गरी अध्यापन कार्यमा संलग्न गराउनु पर्नेछ ।

## परिच्छेद ४

## अतिरिक्त कक्षाका लागि शिक्षकलाई कक्षाभार तोक्दा अनिवार्य रूपमा अवलम्बन गर्नु पर्ने व्यवस्था

**६. आगामी शैक्षिक सत्रदेखि अतिरिक्त कक्षाभार व्यवस्थापन गर्दा अवलम्बन गर्नु पर्ने आधारहरू देहाय बमोजिम हुनेछ :-**

(क) क्याम्पसको हकमा सम्बन्धित विषयको विभागीय प्रमुखले क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुखको उपस्थितिमा विद्यार्थीको भर्ना रजिष्टर मगाई विद्यार्थीको कक्षा उपस्थितिको यथार्थ विवरणको आधारमा कक्षाभार बाँडफाँड गर्नु पर्ने छ । कक्षाभार बाँडफाँड गर्दा पूर्णकालीन शिक्षकलाई पूरा कक्षाभार तोकेपछि अतिरिक्त कक्षा बाँकी भएमा कार्यरत पूर्णकालीन शिक्षकलाई नै अतिरिक्त कक्षा लिन प्रेरित गर्नु पर्नेछ ।

(ख) केन्द्रीय विभागीय प्रमुख/स्कुल प्रमुख/विभागीय प्रमुख/कार्यक्रम प्रमुखले विद्यार्थीको कक्षाको उपस्थितिको यथार्थ विवरणको आधारमा कक्षा बाँडफाँड गर्ने र अतिरिक्त कक्षाभार भएमा पूर्णकालीन शिक्षकबाट नै बाँकी भएका अतिरिक्त कक्षा लिन प्रेरित गर्नुपर्नेछ । त्यसपछि मात्र अतिरिक्त कक्षाको व्यवस्थाका लागि अन्य शिक्षकलाई अतिरिक्त कक्षाभार बाँडफाँड गर्नु पर्नेछ ।

(ग) त्रिभुवन विश्वविद्यालय सेवाबाट निवृत्त शिक्षक, त्रिभुवन विश्वविद्यालय सेवा आयोगबाट वैकल्पिक सूचिमा परेका र लिखित परीक्षाको उत्तीर्ण व्यक्तिलाई अतिरिक्त कक्षा लिन चाहेमा प्राथमिकता दिनु पर्नेछ ।

(घ) प्राविधिक विषय बाहेक साधारण विषयहरूमा अतिरिक्त कक्षा लिँदा एउटा विषयलाई विभाजन गरेर सम्झौता गर्न पाइने छैन । तर त्रिभुवन विश्वविद्यालयका पूर्णकालीन शिक्षकबाटै कक्षा संचालन गराएको अवस्थामा भने यो व्यवस्था लागु हुने छैन ।

(ङ) अतिरिक्त कक्षा लिँदा अधिकतम एकजना शिक्षकले एक शैक्षिक सत्रमा एकै सिफ्टमा १५ क्रेडिट वा १०० पूर्णाङ्कको पाँच विषयभन्दा बढी लिन पाइने छैन ।

(च) अतिरिक्त कक्षा लिँदा हरेक विषयको अतिरिक्त कक्षाभारको सम्झौता छुट्टाछुट्टै गर्नुपर्ने छ । सम्झौता एक शैक्षिक सत्रको लागि मात्र हुनेछ ।

(छ) शैक्षिक सत्र २०७७/०७८ देखि कुनै निकायमा एउटै विषय दुई सिफ्टमा सञ्चालन भएको रहेछ भने सिफ्ट मर्ज गरी एक सिफ्टमा मात्र कक्षा संचालन गर्नु पर्ने छ ।

(ज) शैक्षिक सत्र २०७७/०७८ देखि कुनै विषयमा धेरै वटा सेक्सन भएमा सुरुका सेक्सनहरू पूर्णकालीन शिक्षकबाटै सञ्चालन गर्ने व्यवस्था गर्नुपर्नेछ । बाँकी रहेका सेक्सनका कक्षाको व्यवस्थापनका लागि अतिरिक्त शिक्षकबाट कक्षाहरू सञ्चालन गर्नुपर्नेछ । सेक्सन छुट्याएका कक्षाहरूमा अनिवार्य विद्यार्थीको हाजिरी गर्नुपर्ने छ । यदि विद्यार्थीको उपस्थिति न्यून हुन गएमा सेक्सनको मर्ज गरी पुनःकक्षाभार बाँडफाँड गर्नुपर्ने छ ।

(झ) कुनै विषयमा १० जनाभन्दा कम विद्यार्थी भर्ना भएको अवस्थामा र आंशिक शिक्षकबाट नै त्यस्तो कक्षा संचालन गर्नु पर्ने भएमा उक्त विषयको कक्षा स्थगित गरी विद्यार्थीको आवश्यकतालाई ध्यानमा राखी एकीकृत/केन्द्रीकृत रूपमा विद्युतीय कक्षा सञ्चालन गर्न सकिने छ ।

(ञ) अतिरिक्त कक्षाभारको गणना गर्दा आन्तरिक स्रोतबाट संचालन गर्ने स्वीकृति लिई संचालनमा रहेका कार्यक्रमहरूको कक्षाभार गणना गर्न मिल्ने छैन

## परिच्छेद ५

### हाल अध्यापनमा संलग्न आंशिक शिक्षकहरुको हकमा अवलम्बन गर्नु पर्ने प्रक्रियाहरू

**७. यो निर्देशिका लागु हुनुभन्दा अगाडि अतिरिक्त कक्षाभार लिई रहेका आंशिक शिक्षकको हकमा देहायको प्रक्रिया अवलम्बन गर्नु पर्ने छ ।**

क) त्रि.वि. केन्द्रीय कार्यालयको स्वीकृति लिइ क्याम्पस/केन्द्रीय विभाग तहबाट आंशिक शिक्षक छनौट समिति गठन गरी प्रतिस्पर्धात्मक प्रकृयाबाट छनौट भएका व्यक्तिहरु कोर्ष सम्झौता गर्न योग्य हुनेछन् ।

(ख) त्रि.वि. केन्द्रीय कार्यालयको स्वीकृति नलिएका तर विगतमा क्याम्पस/केन्द्रीय विभागलाई आंशिक शिक्षकको आवश्यकता भई क्याम्पस/केन्द्रीय विभाग तहबाट नै आंशिक शिक्षक छनौट समिति गठन गरी २०७२ असार मसान्तसम्म प्रतिस्पर्धात्मक प्रकृयाबाट छनौट भएका व्यक्तिहरु पनि कोर्ष सम्झौता गर्न योग्य हुनेछन् ।

(ग) माथि (क) र (ख) मा तोकिएको व्यवस्था अनुरुप नियुक्ति पाई अध्यापनरत आंशिक शिक्षकहरुबाट कक्षा सञ्चालनमा अपुग भएमा माथि (क) र (ख)मा तोकिएको व्यवस्था अनुरुपको नियुक्ति प्रक्रिया पूरा नगरेका तर तत्काल आवश्यक परेको आधारमा क्याम्पस प्रमुखबाट नियुक्ति प्राप्त गरी विगत पाँच वर्षभन्दा अगाडिदेखि (२०७२ आसार मसान्तभन्दा अगाडिदेखि) अध्यापन कार्यमा संलग्न आंशिक शिक्षकहरूबाट पनि कोर्ष सम्झौता गरी कक्षा सञ्चालन गर्न सकिनेछ ।

(घ) २०७२ साल असार मसान्त पछाडि त्रि.वि. केन्द्रीय कार्यालयको स्वीकृति नलिइ कुनै पनि प्रकारले आंशिक शिक्षक नियुक्त गरेर अध्यापन कार्यमा संलग्न गराइएको अवस्था भएमा **निजहरुलाई नियुक्ति गर्दा अवलम्बन गरिएको प्रकृया, निजहरुले लिएको कक्षाभार एवं निजहरुलाई अध्यापन कार्यमा संलग्न गराउनु पर्ने अवस्था**को औचित्य पुष्टी हुने गरी विभागीय प्रमुखको सिफारिससहित २०७७ अशोज १५ गतेभित्र त्रि.वि. केन्द्रीय कार्यालयमा समर्थन स्वीकृतिका लागि पठाउनु पर्नेछ । केन्द्रीय कार्यालयबाट समर्थन स्वीकृति प्राप्त भएपछि २०७२ साल असार मसान्त पछाडि नियुक्त यस प्रकृतिका आंशिक शिक्षकहरूबाट पनि कोर्ष सम्झौता गरी कक्षा सञ्चालन गर्न सकिनेछ ।

(ङ) हाल कार्यरत रहेका आंशिक शिक्षकहरूले निर्देशिका जारी हुनुभन्दा अघि लिएका कक्षाहरूको हकमा साविक बमोजिम पारिश्रमिक पाउने छन् ।

(च) माथि (क), (ख) (ग) र (घ) मा तोकिएको प्रक्रिया पूरा गरी कार्यरत रहेका आंशिक शिक्षकहरूले निर्देशिका जारी भए पश्चात् चालु शैक्षिक सत्रका लागि लिइरहेको कक्षाको निमित्त प्रति पिरीयड रू. ५००/- का दरले पारिश्रमिक प्रदान गरिने छ । आगामी शैक्षिक सत्रदेखि भने सम्झौता अनुसार पारिश्रमिक उपलब्ध गराइने छ ।

(छ) निर्देशिका बमोजिम आगामी शैक्षिक सत्रदेखि कक्षाभारको आधारमा सम्झौता गर्दा कार्यरत रहेका आंशिक शिक्षकहरू मध्येबाट छनौट गर्नु पर्ने भएमा कार्यगत जेष्ठता, अनुभव र हाल बढी कक्षाभार लिएकालाई प्राथमिकता दिनु पर्नेछ ।

(ज) निर्देशिका बमोजिम हाल अध्यापनमा संलग्न आंशिक शिक्षकहरु मध्येबाट कोर्ष सम्झौता गर्दा त्रिभुवन विश्वविद्यालय बाहेकका अन्य सरकारी, सामुदायिक, गैरसरकारी, निजी संघ संस्था वा निकायहरूमा पूर्णकालीन सेवामा कार्यरत रहेकाहरूलाई सम्झौतामा समावेश नगर्ने तर दुर्गम क्षेत्रका क्याम्पसहरुमा शिक्षकको अभावको अवस्था एवं विषय दक्षताका आधारमा यस्ता व्यक्तिलाई अध्यापनमा संलग्न गराउनु पर्ने भएमा प्रति पिरीयडका दरले भुक्तानी गर्ने गरी विषय विज्ञको हैसियतमा संलग्न गराउन सकिने छ ।

(झ) एक शैक्षिक सत्रमा ३ क्रेडिट भन्दा कम वा १०० पूर्णाङ्कको कोर्ष वा विषयभन्दा कम कक्षाभार लिने गरी कुनै पनि व्यक्तिलाई त्रिभुवन विश्वविद्यालयको अध्यापन कार्यमा सम्झौता गराउन पाइने छैन । अत्यावश्यक परेर त्यस्ता व्यक्तिलाई अध्यापन कार्यमा संलग्न गराउनु पर्ने अवस्था भएमा प्रति पिरियड तोकिएको पारिश्रमिक प्रदान गर्ने गरी छोटो समयको लागिमात्र अतिथि/आगन्तुक शिक्षकको रूपमा अध्यापन कार्यमा संलग्न गराउन सकिनेछ ।

## परिच्छेद ६

### अतिरिक्त कक्षाको शिक्षकको पारिश्रमिकको व्यवस्था

**८. अतिरिक्त कक्षाको शिक्षकको पारिश्रमिक देहायबमोजिम हुनेछ :**

(क) क्रेडिट प्रणाली अनुसार कक्षा लिनका लागि प्रति क्रेडिट रू. १५०००/-को दरले र वार्षिक प्रणाली अनुसार प्रति पिरीयड रू. ५००/- का दरले १५० घण्टाको हुने पारिश्रमिक कोर्ष पूरा भएपछि एकमुष्ठ वा सम्झौतामा उल्लेख भए बमोजिम किस्ताबन्दीमा भुक्तानी दिनु पर्नेछ। प्रतिकक्षाको समय १ घण्टाको हुनेछ।

(ख) सेमेष्टर प्रणालीको हकमा ५ महिना र वार्षिक प्रणालीको हकमा १० महिना अध्यापन गर्ने अवधिलाई आधार मानी सम्झौता अनुसार भुक्तानी गरिने छ।

(ग) सेमेष्टर वा वार्षिक प्रणाली अुनसार कक्षा लिइसके पछि हरेक दिन आफूले लिएको कक्षाको लगबुक (Logbook) भर्नु पर्नेछ। भरिएको लगबुक विभागीय प्रमुखको सिफारिसमा निकाय प्रमुखले प्रमाणित गरेपछि मात्र पारिश्रमिक भुक्तान गरिने छ (लगबुकको नमूना अनुसूचि १)।

## परिच्छेद ७

### विविध

**९. खारेजी र बचाऊ**

(क) यो निर्देशिका लागू भएपछि यसपूर्व भएका आंशिक शिक्षकको भर्ना, पारिश्रमिक, कक्षा व्यवस्थापनसम्बन्धी सबै व्यवस्था खारेज गरिएको छ।

(ख) व्याख्या र बाधा अड्काउफुकाउने व्यवस्था

यो निर्देशिकाको व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्लाई नै हुनेछ।

(ग) यो निर्देशिका विज्ञान तथा प्रविधि अध्ययन संस्थान सहित चारवटै संकायहरूका विषयहरुको अध्यापनमा लागू हुने छ।

***

# अनुसूची - १
## (लगबुकको नमूना)

१. स्नातक ☐ स्नातकोत्तर ☐

२. विषय :

३. एकाई :

४. पाठ शीर्षक :

५. समय :

६. घण्टी :

७. कक्षामा उपस्थित विद्यार्थीको संख्या :

८. शिक्षकको हस्ताक्षर :

९. मिति :

त्रिभुवन विश्वविद्यालय

# अनुसूची - २

## त्रिभुवन विश्वविद्यालय

## ....................संकाय/अध्ययन संस्थान

## ............क्याम्पस/विभाग/ स्कुल/कार्यक्रम

### अतिरिक्त कक्षाभारको व्यवस्थापनका लागि कोर्ष सम्झौता पत्र

त्रिभुवन विश्वविद्यालय ..............(सम्बन्धित निकायको नाम.)......मा मिति...................... देखि............................ सम्मको लागि........................................बस्ने नेपाली नागरिक श्री .....................................बाट.............विषयको अतिरिक्त कक्षाहरु अध्यापन गराउन देहायका शर्तहरु लागू हुने गरी कोर्ष सम्झौता गरिएको छ ।

**१.** निजले सम्झौता अवधिभर हप्ताको सैद्धान्तिक ........ कक्षा र प्रयोगात्मक...... कक्षा लिनु पर्नेछ ।

**२.** कक्षा लिए वापत निजलाई सम्झौतामा तोकिएको अवधिभर त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदले तोके अनुसार (स्नातक/स्नातकोत्तर) को सैद्धान्तिक र प्रयोगात्मक कक्षाको वार्षिक प्रणालीमा प्रतिपिरियड रु.५००।- का दरले १५० पिरियड (१०० पूर्णाङ्क) को हुने रकम र सेमेष्टर प्रणालीमा प्रति क्रेडिट रु.१५,०००।- को दरले हुने रकम पारिश्रमिक प्रदान गरिने छ ।

**३.** प्रत्येक सेमेष्टर र वार्षिक प्रणालीको एकेडेमिक क्यालेण्डर अनुसार पारिश्रमिक भुक्तानी गर्दा सेमेष्टर प्रणालीको हकमा बढिमा ५ महिना र वार्षिक प्रणालीको हकमा बढिमा १० महिना भित्र भुक्तानी गरिने छ । आफुले पढाएको विषयको पाठ्याश पुरा गर्ने जिम्मा सम्बन्धित शिक्षकको हुनेछ । कथमकदाचित क्याम्पस बन्द भएको कारणले वा शिक्षक उपस्थित नभएको कारणले वा अन्य कारणले तोकिएको दिनमा कक्षा हुन नसकेमा वैकल्पिक व्यवस्था गरी तोकिएको समयभित्र कोर्ष पुरा गर्नुपर्ने दायित्व सम्बन्धित शिक्षकको नै हुनेछ ।

**४.** यो सम्झौता बमोजिम अध्यापन कार्यमा संलग्न आशिक शिक्षकले रुटिन अनुसारको नियमित कक्षा लिनुका साथै आफुले पढाएका विषयको आन्तरिक मुल्याङ्कन लिएर तोकिएको समयभित्र सम्बन्धित विभागमा बुझाउनु पर्नेछ । तोकिएको उक्त कार्य नगरेमा कुनैपनि बेला यो सम्झौता रद्ध गरिनेछ ।

**५. पारिश्रमिक भुक्तानी गर्ने विधिः** (कुनै एक विधि छनौट गर्ने)

क) कोर्ष पुरा भएपछि एकमुष्ट

ख) किस्ताबन्दीमा

ग) अन्य ................

**विभागीय प्रमुख वा कार्यक्रम संयोजकको सिफारिस**

श्री ................................. बाट स्नातक/स्नातकोत्तर तहको ......................... विषयको कोड नं. ............... को ............. पूर्णाङ्क/क्रेडिटको कोर्ष अध्यापन गराउन सिफारिस गरेको छु ।

दस्तखत :

नाम थर :

विभाग :

मिति :

**उपयुक्त शर्तहरु मन्जुर छ (शिक्षक)**

दस्तखत :

नाम थर :

ना.प्र.नं.:

मोवाइल नं.:

मिति :

**निकाय प्रमुख**

दस्तखत :

नाम थर :

मिति :

त्रिभुवन विश्वविद्यालय

# आंशिक शिक्षक सम्बन्धमा त्रि.वि. कार्यकारी परिषदको निर्णयहरु

**निर्णय नं. ६१० (२०७७/१०/०२)**

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका निकायहरुमा कार्यरत आंशिक शिक्षकहरुको व्यवस्थापनका लागि २०७७ श्रावण ३२ गतेको त्रि.वि.कार्यकारी परिषदको बैठकको निर्णयानुसार *अतिरिक्त कक्षा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७७* जारी गरिएको एवं आंशिक शिक्षकहरुको पारिश्रमिक समेत निर्धारण गरिएकोमा आगामी सेमेष्टर /शैक्षिक सत्र देखि लागू हुनेगरी आंशिक शिक्षकहरुको पारिश्रमिक तपशिल बमोजिम निर्धारण गर्ने निर्णय भयो ।

(१) क्रेडिट प्रणाली अनुसार कक्षा लिनका लागि प्रति क्रेडिट रू. १७४००/- को दरले र वार्षिक प्रणाली अनुसार प्रति पिरीयड रू. ५९०/- का दरले १५० घण्टाको हुने पारिश्रमिक कोर्ष पूरा भएपछि एकमुष्ठ वा सम्झौतामा उल्लेख भए बमोजिम किस्ताबन्दीमा भुक्तानी दिनु पर्नेछ । प्रतिकक्षाको समय १ घण्टाको हुनेछ ।

**निर्णय १२९३ (२०७८/११/२०)**

त्रिभुवन विश्वविद्यालयका क्याम्पस/केन्द्रीय विभागहरूमा आंशिक शिक्षकद्वारा लिइएका कक्षाहरूलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धमा त्रि.वि.मा कार्यरत कम्तिमा एक शैक्षिक सत्र पूरा गरेका आंशिक शिक्षकहरूलाई क्याम्पसको आवश्यकता, औचित्यता, जेष्ठता, निरन्तरता, अनुभव र तोकिएको पूर्ण कक्षाभार लिएको आधारमा त्रि.वि. केन्द्रीय कार्यालयको स्वीकृतिमा क्याम्पसको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी शिक्षण सहायकले पाए सरहको पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न गराउन क्याम्पसबाट प्राप्त विवरण अनुसार देहायबमोजिम गर्ने गराउने व्यवस्थाका लागि क्याम्पस/केन्द्रीय विभागहरूमा निर्देशन दिने निर्णय भयो ।

(१) नियमित शिक्षकहरूको कक्षाभार छुट्याइ सकेपछि बाँकी रहेका कक्षाहरूमध्ये हाल कार्यरत आंशिक शिक्षकहरूले तोकिएको पूर्ण कक्षाभार लिएको अवस्थामा मात्र शिक्षण सहायकले पाए सरहको पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न गराउने । पूर्ण कक्षाभार नपुग्ने अवस्थामा अतिरिक्त कक्षा सञ्चालन निर्देशिका २०७७ अनुसार कोर्स सम्झौता गरेर अध्यापन कार्यमा संलग्न गराउन सकिने छ ।

(२) केन्द्रीय कार्यालयबाट स्वीकृति प्राप्त भएका विषयहरूमा हाल अध्यापन कार्यमा संलग्न आंशिक शिक्षकहरू मध्येबाट शिक्षण सहायकले पाए सरहको पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न गराउँन शिक्षकहरूको छनोट गर्दा तपसील बमोजिमको नीति अबलम्बन गर्ने:

(क) क्याम्पस कार्य समितिबाट निश्चित कार्यविधि वनाई शिक्षक छनौट समिति गठन गरी शिक्षक छनौट प्रकृया अगाडि बढाउने ।

(ख) शिक्षक छनौट गर्दा मुख्यरुपमा त्रि.वि.को अध्यापनमा आवश्यकता, औचित्यता, जेष्ठता, निरन्तरता, अनुभव र तोकिएको पूर्ण कक्षाभार लिएको आधार लिने ।

(ग) शिक्षण सहायकले पाए सरहको पारिश्रमिक र शर्तनामामा तोकिए बमोजिमको सुविधा पाउने गरी अध्यापन कार्यमा संलग्न गराउन शिक्षक छनौट गर्दा त्रिभुवन विश्वविद्यालय बाहेकका अन्य

सरकारी, सामुदायिक, गैरसरकारी, निजी संघ संस्था वा निकायहरूमा पूर्णकालीन सेवामा कार्यरत रहेकाहरूलाई समावेश नगर्ने । तर क्याम्पसहरूमा शिक्षकको अभावको अवस्था एवं विषय दक्षताका आधारमा यस्ता व्यक्तिलाई अध्यापन कार्यमा संलग्न गराउनु पर्ने भएमा कोर्स सम्झौता गरेर वा प्रति पिरीयडका दरले भुक्तानी गर्ने गरी आंशिक शिक्षक/विषय विज्ञको हैसियतमा अध्यापन कार्यमा संलग्न गराउन सकिने छ ।

(घ) शिक्षकहरूको छनोट भएपछि विस्तृत विवरण उल्लेख गरी स्वीकृति/समर्थनका निमित्त केन्द्रीय कार्यालयमा पठाउने ।

(३) त्रि.वि. सेवा आयोगबाट सिफारिस भई स्थायी शिक्षक आएपछि वा तोकिएको पूर्ण कक्षाभार नलिएको अवस्थामा वा क्याम्पसले आर्थिक व्यवस्थापन गर्न असमर्थ भएको अवस्थामा जुनसुकै बखत सम्झौता रद्ध हुने छ ।

(४) दुर्गम क्षेत्रका क्याम्पसहरूमा शिक्षकको आवश्यकता भएको तर आन्तरिक स्रोतबाट व्यवस्थापन गर्न सकिने अवस्था नभएमा केन्द्रीय कार्यालयले सहजिकरण गर्ने छ ।

(५) शिक्षण सहायकले पाए सरहको पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न हुन छनौट भएका आंशिक शिक्षकहरूलाई एक वर्षको संझौता गरी अध्यापन कार्यमा संलग्न गराउनु पर्ने छ । क्याम्पसको आवश्यकता, औचित्यता, आर्थिक सक्षमता तथा कक्षाभारको अवस्थाको आधारमा क्याम्पस कार्य समितिबाट निर्णय गरी थप एक वर्षका लागि संझौता अवधि बढाउन सकिने छ । यससम्बन्धी जानकारी केन्द्रीय कार्यालयलाई दिनु पर्ने छ ।

(६) हाल अध्यापन कार्यमा संलग्न रहेका आंशिक शिक्षकहरू मध्येबाट मात्र आवश्यक संख्यामा छनौट गरी शिक्षण सहायकले पाए सरहको पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न गराउँने व्यवस्था रहेको हुँदा नयाँ शिक्षक राख्नु पर्ने अवस्थामा कोर्ष करार गरेर मात्र अध्यापन कार्यमा संलग्न गराउन सकिने छ ।

(७) अध्यापन कार्यमा संलग्न गराउन सकिने विषय र संख्याका सम्बन्धमा पहिले नै केन्द्रीय कार्यालयमा पठाइएको विवरण अनुसार नै प्रकृया अगाडि बढाउने । कुनै क्याम्पसबाट केन्द्रीय कार्यालयमा पठाउन बाँकी भएको भए अविलम्ब इमेल मार्फत पत्र पठाउने ।

**निर्णय नं. १३७९ (२०७९/१/२१)**

त्रि.वि. अन्तर्गतका निकायहरूमा आंशिक शिक्षकहरूद्वारा लिइएका कक्षाहरूलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धमा त्रि.वि.मा एक शैक्षिक सत्र पुरा गरेका आंशिक शिक्षकहरूलाई क्याम्पसको आवश्यकता, औचित्यता, जेष्ठता, निरन्तरता, अनुभव र तोकिएको पूर्ण कक्षाभार लिएको आधारमा त्रि.वि. केन्द्रीय कार्यालयको स्वीकृतिमा क्याम्पसको आन्तरिक श्रोतबाट खर्च व्यहोर्नेगरी संझौतामा तोकिए बमोजिमको पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न गराउन त्रि.वि. कार्यकारी परिषदको मिति २०७८।११।२० को बैठकको निर्णय अनुसार निर्देशन जारी गरिएकोमा यसरी राखिने आंशिक शिक्षकहरूलाई सम्झौता गरी अध्यापन कार्यमा संलग्न गराउने व्यवस्थाका लागि तपसिल बमोजिम सम्झौता पत्र स्वीकृत गरियो ।

# त्रिभुवन विश्वविद्यालय

## ....................सङ्काय/अध्ययन संस्थान

## ............क्याम्पस/विभाग/ स्कुल/कार्यक्रम

**अतिरिक्त कक्षाभारको व्यवस्थापनका लागि आंशिक शिक्षकहरूलाई सम्झौता अनुसारको पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न गराउने व्यवस्थाका लागि सम्झौता पत्र ।**

त्रिभुवन विश्वविद्यालय, ............(सम्बन्धित निकायको नाम र ठेगाना)................ ...............मा मिति.......................देखि...........................सम्मको लागि.................................................बस्ने नेपाली नागरिक श्री ....................................बाट.................................विषयको अतिरिक्त कक्षाहरू अध्यापन गराउन देहायका शर्तहरू लागू हुने गरी यो सम्झौता गरिएको छ ।

**शर्तहरू :**

१. सम्बन्धित शिक्षकले सम्झौता अवधिभर तोकिए बमोजिमको पूर्ण कक्षाभारमा आधारित कोर्ष/सैद्धान्तिक कक्षा र प्रयोगात्मक कक्षा लिनु पर्नेछ ।

२. तोकिए बमोजिमको कक्षा लिए वापत् सम्बन्धित शिक्षकलाई सम्झौता अवधिभर मासिक रु..................हजर पारिश्रमिक उपलब्ध गराइने छ ।

३. आफुले पढाएको विषयको पाठ्यांश पूरा गर्ने जिम्मा सम्बन्धित शिक्षकको हुनेछ । कथं कदाचित क्याम्पस बन्द भएको कारणले वा शिक्षक उपस्थित नभएको कारणले वा अन्य कारणले तोकिएको दिनमा कक्षा हुन नसकेमा वैकल्पिक व्यवस्था गरी तोकिएको समय भित्र कोर्ष पूरा गर्नुपर्ने दायित्व सम्बन्धित शिक्षकको नै हुनेछ ।

४. यस सम्झौता पत्रमा हस्ताक्षर गरेपछि सम्बन्धित शिक्षकले हाल त्रिभुवन विश्वविद्यालय बाहेकका अन्य सरकारी, सामुदायिक, गैरसरकारी, निजी संघ-संस्था वा निकायहरूमा पूर्णकालीन सेवामा कार्यरत रहेको छैन भनी कबुलियत गरेको मानिने छ ।

५. त्रि.वि.सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस भई आएपछि वा तोकिएको पूर्ण कक्षाभार नलिएको अवस्थामा वा क्याम्पसले आर्थिक व्यवस्थापन गर्न असमर्थ भएको अवस्थामा वा माथि (४) मा गरिएको कबुलियतनामा झुट्टा ठहरेमा जुनसुकै बेला सम्झौता रद्ध हुनेछ ।

६. यस संझौता पत्रमा उल्लेख भएको बाहेक अन्य कुनै प्रकारको सेवा सुविधा विश्वविद्यालयले उपलब्ध गराउने छैन ।

## ७. पारिश्रमिक भुक्तानी गर्ने विधि :

(क) पारिश्रमिक भुक्तानी मासिक रुपमा हुनेछ र संझौतामा उल्लेख भएको मितिदेखि बढीमा १२ महिनाको लागि मात्र यस सम्झौताको शर्त (२) मा तोकिए बमोजिमको पारिश्रमिक भुक्तानी हुनेछ ।

(ख) बर्षे वा हिउँदे विदा वा अन्य सार्वजनिक विदाहरूमा क्याम्पसमा सबै शिक्षकहरूलाई विदा दिएको अवस्था वा आकस्मिक काम परेर एक आर्थिक वर्षमा बढीमा १५ दिन सम्बन्धित शिक्षक अनुपस्थित भएको अवस्था वाहेक अन्य दिन सम्बन्धित शिक्षक क्याम्पसमा उपस्थित नभएको अवस्थामा उपस्थित नभएका दिनहरूको पारिश्रमिक कट्टा गरी पारिश्रमिक भुक्तानी हुनेछ ।

## विभागीय प्रमुख /कार्यक्रम संयोजकको सिफारिस

श्री ............................................................लाई चालु शैक्षिक वर्ष ................का लागि स्नातक/स्नातकोत्तर तहको .......................... विषयको तल लेखिए बमोजिमका कोर्षहरू अध्यापन गराउन सिफारिस गरेको छु ।

| क.सं. | कोड नं.र विषय | पूर्णांक/क्रेडिट आवर | लिएको कक्षाभार पूरै वा आधा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

दस्तखत :

नाम थर :

विभाग :

मिति :

...........................................................................................

**सम्बन्धित शिक्षकको कबुलियतनामाः**

म हाल त्रिभुवन विश्वविद्यालय बाहेकका अन्य सरकारी, सामुदायिक, गैरसरकारी, निजी संघ-संस्था वा निकायहरूमा पूर्णकालीन सेवामा कार्यरत रहेको छैन भनी कबुलियत गर्दछु। यस शर्तनामामा उल्लेखित सबै शर्तहरूमा मेरो मन्जुरी छ।

शिक्षकको दस्तखत :

नाम थर :

ना.प्र.नं.:

मोवाइल नं.:

मिति :

..............................................

**स्वीकृत गर्ने निकाय प्रमुख**

नाम थर :

मिति :

त्रिभुवन विश्वविद्यालय